# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २२ जेठ २०८०

# सोमवार

# बैठक सङ्ख्या- १२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:०० बजे प्रारम्भ भयो ।

(१६:०१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या १, २, ३ र ४ को विषयलाई कार्यसूचीबाट हटाइएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म संविधान सभा सदस्य श्याम सुन्दर टिवडेवालको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछुः-

विक्रम संवत् २००० सालमा जन्मनुभएका संविधान सभा सदस्य श्याम सुन्दर टिवडेवालको हेम्स अस्पताल धुम्बाराहीमा उपचारको क्रममा मिति २०७९ साल चैत २२ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्वर्गीय टिवडेवाल २०७० सालको संविधान सभामा समानुपातिक निर्वाचन प्रणालीबाट राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको तर्फबाट सदस्य हुनुहुन्थ्यो ।

यो बैठक टिवडेवालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, अब संविधान सभा सदस्य श्याम सुन्दर टिवडेवालको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ २३ गते मङ्गलवार बिहान ११ बजेर ११ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ २३ गते मङ्गलवार बिहान ११ बजेर ११ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १६:०४ बजे ।**